# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, वैशाख २६ गते २०४२ साल (अतिरिक्ताङ्क ५

## भाग २

### श्री ५ को सरकार
### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल निजामती सेवा ऐन, २०१३ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: नेपाल निजामती सेवा ऐन, २०१३ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो अध्यादेशको नाम "नेपाल निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०४२" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ८ मा संशोधनः नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ८ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश,–

(१) खण्ड (ख) मा रहेको "विशिष्ट श्रेणीको" भन्ने शब्दहरूपछि "सचिव वा सो सरह र प्रथम श्रेणीको अतिरिक्त सचिव वा सो सरहको" भन्ने वाक्यांश थपिएको छ ।

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ–

"(ग) राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिव पदमा बढुवा गर्दा श्री ५ को सरकारले उपयुक्त ठहराएको आधारमा छनौट गर्नेछ ।"

लालमोहर सदर मितिः– २०४२।१।२६।४

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।